गण्डकी प्रदेश सरकार
कृषि तथा भूमि व्यवस्था मन्त्रालय
कृषि विकास निर्देशनालय
# कृषि ज्ञान केन्द्र, तनहुँ

## कृषि ज्ञान केन्द्र, तनहुँको आ.व. २०८०/०८१ का कार्यक्रम संचालनको लागि आवेदन/प्रस्ताव पेश गर्ने सम्बन्धी सूचना

(प्रकाशन भएको मिति २०८०/११/२०)

यस केन्द्रको आ.व २०८०/०८१ को वार्षिक स्वीकृत कार्यक्रम अनुसार तपसिलका कार्यक्रम संचालन गर्न इच्छुक तनहुँ जिल्लाभित्रका कृषि फर्म, कृषक समूह तथा कृषि सहकारी संस्थाले यो सूचना प्रकाशित भएको मिति देखि २०८० चैत्र ०४ गते भित्र तोकिएको ढाँचामा कार्यक्रम प्रस्तावना सहित तपसिल बमोजिमका आवश्यक कागजातहरु संलग्न राखी यस केन्द्रमा निवेदन पेश गर्नुहुन सम्बन्धित सबैको जानकारीको लागी यो सूचना प्रकाशन गरिएको छ ।

तपसिल

| क.सं. | कार्यक्रमको नाम | अनुदान प्रतिशत | कार्यक्रमको लक्ष्य | बजेट रू लाखमा | कैफियत |
|---|---|---|---|---|---|
| १ | फलफूल बाली बिकास आयोजना | | | | |
| १.१ | फलफूल बगैँचा स्थापना तथा विस्तार कार्यक्रम | ५० | ३० हेक्टर | ४५ | कृषि फर्म/कम्पनीको हकमा ३ रोपनी र कृषक समूह/सहकारी संस्थाको हकमा कम्तीमा १० घरधुरी लाभान्वित हुनेगरी कम्तीमा ३० रोपनी क्षेत्रफलमा हुनुपर्ने। |
| १.२ | फलफूल बगैँचा व्यवस्थापन तथा सुदृणीकरण सहयोग कार्यक्रम | ५० | १३० हेक्टर | ५२ | |
| २ | बेमौसमी तरकारी खेती प्रबर्द्धन कार्यक्रम | ५० | ६० हेक्टर | ६० | कृषि फर्म, कम्पनीमार्फत खुल्ला जमिनमा २ रोपनी क्षेत्रफल वा संरक्षित संरचनाभित्र १४० वर्ग मि. क्षेत्रफल र कृषक समूह/सहकारीको हकमा खुल्ला जमिनमा १० रोपनी वा संरक्षित संरचनाभित्र ७०० वर्ग मि. क्षेत्रफलमा खेती गर्नु पर्ने। |

आवश्यक कागजातहरु

१) रु १०/- को हुलाक टिकट टाँस गरेको निवेदन
२) प्रस्तावना फारम
३) नेपाली नागरिकताको प्रमाणपत्र
४) जग्गा धनीको लालपुर्जाको प्रतिलिपि वा भाडाको जग्गा भए जग्गा करारनामा सम्झौताको प्रतिलिपि
५) वडा कार्यालयको/सम्बन्धित पालिकाको कृषि शाखाको सिफारिश पत्र
६) फर्म, समूह, संस्था, समिति, कम्पनी वा सहकारीले देहायका कागजातहरु संलग्न गर्नुपर्नेछ *(दर्ता/स्थापना सम्बन्धी कागजातको प्रतिलिपि, गत आर्थिक वर्षको लेखापरीक्षण प्रतिवेदन, नविकरण गर्नुपर्ने भएमा नविकरण प्रमाणपत्रको प्रतिलिपि, कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि, स्थायी लेखा नम्बरको प्रमाणपत्रको प्रतिलिपि, अघिल्ला दुइ आर्थिक वर्षमा अनुदानको लागि प्रस्ताव आव्हान गरिएकोमा कुनै कार्यालयबाट अनुदान प्राप्त गरे वा नगरेको स्वघोषणा पत्र)*

पुनश्च : माथि उल्लेखित कार्यक्रमहरु प्रदेश सरकारको बजेट तथा कार्यक्रम कार्यान्वयन सम्बन्धी एकीकृत कार्यविधि, २०७७ र कृषि तथा भूमि व्यवस्था मन्त्रालय, गण्डकी प्रदेशको कार्यक्रम संचालन सम्बन्धी स्वीकृत/संशोधित मापदण्ड पूर्णरुपमा लागू हुनेछन् । उल्लेखित मितिभित्र आवश्यक कागजात र प्रकृया नपुगेका आवेदनहरुमाथि कुनै प्रकृया अगाडी बढाउन कार्यालय बाध्य हुने छैन।

२०८०/११/२०

गोपाल शर्मा लामिछाने
प्रमुख

थप जानकारीको लागि: कृषि ज्ञान केन्द्र तनहुँ फोन नं. ०६५-५६३१३०, ९८५६०६४१३०, ९८५६०७२२८६, ९८४६११४७००।